नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

## प्रेस विज्ञप्ति

मिति २०८०/०६/०४ गते नेपाल सरकारका मुख्य सचिव डा. बैकुण्ठ अर्यालज्यूको संयोजकत्वमा आसन्न चाडपर्व लक्षित केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको ६७औं बैठक सम्पन्न भयो। बैठकमा आसन्न चाडपर्वमा वस्तु तथा सेवाको सहज आपूर्ति तथा व्यवस्थापन, सुरक्षा, यातायात, अखाद्य वस्तुको प्रयोग र बिक्रीवितरणमा नियन्त्रण तथा कालोबजारी नियन्त्रणका लागि संयुक्त बजार अनुगमन गर्ने लगायतका एजेण्डाहरू रहेका थिए।

सो बैठकले नजिकिँदै गरेका चाडपर्वहरूलाई लक्षित गरी उपभोग्य वस्तुहरूको मूल्यवृद्धि, स्याद नाघेका वस्तुहरूको बिक्रीवितरण, अखाद्य वस्तुहरूको प्रयोग, कृत्रिम अभाव जस्ता अवाञ्छित क्रियाकलाप नियन्त्रण गरी उपभोग्य वस्तुको सहज आपूर्तिको व्यवस्था गर्ने, शान्ति सुरक्षाको भरपर्दो व्यवस्था मिलाउने, सार्वजनिक यातायातको भाडादर, अनलाइन टिकेटिङ, रुट पर्मिट लगायतका विषयहरूलाई प्रभावकारी बनाउने, तयारी तथा कच्चा खाद्य वस्तुको गुणस्तर तथा दुग्धजन्य वस्तुहरु तथा मासुजन्य पदार्थहरूको उत्पादन एवम् बिक्रीवितरण र मूल्य समेतको नियममित अनुगमन गरी स्वच्छ र स्वस्थ खाद्यवस्तु उपलब्ध हुने व्यवस्था मिलाउनुका साथै, कृषि तथा पशुजन्य उत्पादनको वितरण प्रणालीलाई प्रभावकारी बनाउने निर्णय गरेको छ।

बैठकलाई सम्बोधन गर्नुहुँदै नेपाल सरकारका मुख्य सचिव डा. बैकुण्ठ अर्यालज्यूले नजिकिँदै गरेको चाडपर्वहरुलाई व्यवस्थित, मर्यादित र सुरक्षित तवरले मनाउने वातावरण मिलाउन संयुक्त बजार अनुगमन लगायतका प्रभावकारी कदम चाल्न सम्बद्ध सबै निकायहरूलाई निर्देशन दिनुभयो ।

मिति: २०८०/०६/०४

नारायण प्रसाद भट्ट
प्रवक्ता

टेलिफोन : ४९७१०००, ४९७१००१, ४९७१०२५, ४९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np